# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।०२।०५ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---

नेपालगञ्ज भन्सार कार्यालयमा नक्कली प्रज्ञापनबाट सामान पैठारी गरी राजस्व छली गरेको भन्ने समेतको उजुरी उपर अनुसन्धान हुंदा नेपालगञ्ज भन्सार कार्यालयबाट भन्सार एजेन्ट दिनेश कुमार बानियाँ, वनवोरी माता ट्रेडर्सको Skimmed milk powder 400 bags सामान उल्लेख गरी मिति २०७५।०२।२४ मा जारी भएको झुट्टा प्रज्ञापनपत्र नं. 15315 का आधारमा मिति २०७५।२।२४ गते ना ६ ख ५८५९ र ना ७ ख १७ नम्बरका मालबाहक ट्रकबाट भन्सार महसुल तथा राजस्व छली गरी ल्याइएका मालबस्तुहरु र प्रज्ञापन पत्रमा उल्लेख नभएको घिउसमेत गरी बदनियतसाथ सामानधनीसँगको मिलेमतोमा रू.२०,२४,१४१।- बराबरको भन्सार महसुल राजश्व छली तथा चुहावट गरी गराई नेपालगञ्ज भन्सार कार्यालयका भन्सार अधिकृत सुभाष प्रसाद श्रेष्ठ, भन्सार अधिकृत बटुकृष्ण अधिकारी, जाँचकी ना.सु. बसन्त कुमार सुवेदी समेतले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (क) द्वारा परिभाषित कार्य गरेकोले सोही दफा ७ ले व्यवस्था गरेअनुसार भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा(१) र सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिमको कसुर गरेको सप्रमाण पुष्टि हुन आएको हुंदा निजहरू उपर जनही बिगो रू.२०,२४,१४१।-(बीस लाख चौबीस हजार एक सय एकचालीस) कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ७ एवं सोही ऐनको दफा ३ को उपदफा(१) को देहाय (च) बमोजिम सजाय हुन मागदाबी लिईएको ।

उक्त मालबाहक ट्रकबाट ल्याइएको सामानहरू चोरीपैठारी तथा भन्सार महसुल छली कार्य गरी आफूहरूलाई लाभ पुर्‍याउने बदनियतले नेपाल सरकारले निर्धारित गरेको प्रचलित नियम तथा कार्यविधि उल्लंघन हुने गरी प्रचलित कानूनद्वारा निषेधित तवरबाट राष्ट्रसेवक कर्मचारीहरू समेतको मिलेमतोमा राजस्व छली गरी नेपाल सरकारलाई हानीनोक्सानी पुर्‍याउने कार्य गरी भन्सार एजेण्ट संकेत नं. ०३५ का दिनेश कुमार बाँनिया, वनवोरी माता ट्रेडर्सका सञ्चालक रविन्द्र गुप्ता, वनवोरी माता ट्रेडर्सका लागि काम गर्ने वीरेन्द्र गुप्ता, हिमालयन कार्गोको संचालिका मधुकुमारी चौधरी, हिमालयन कार्गोको लागि काम गर्ने विनोद कुमार गुप्ता र राहुल कुमार गुप्ताले प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) को कसुर गरेको पुष्टि हुन आएकोले निजहरू उपर जनही बिगो रू.२०,२४,१४१।-(बीस लाख चौबीस हजार एक सय एकचालीस) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम हदै सम्मको कैद र जरिवाना एवं बिगो समेत जफत गरी पाउन साथै राजस्व अनुसन्धान विभागका नायव सुब्बा देवी बहादुर थापाले राजस्व छली तथा चुहावटका कार्यहरूको सूचना तथा सुराकीका आधारमा अनुगमन तथा अनुसन्धान गरी प्रचलित कानून बमोजिम कारबाहीमा सघाउ पुग्ने गरी जिम्मेवारी निर्वाह गर्नुपर्नेमा बदनियतसाथ नेपाल सरकारलाई हानिनोक्सानी तथा सामानधनीलाई फाइदा पुग्ने गरी

रू.२०,२४,१४१।-(बीस लाख चौबिस हजार एक सय एकचालीस) बराबरको भन्सार महसुल छली गर्न गराउनमा सघाउ पुऱ्याएकोले निज प्रतिवादी देवी बहादुर थापाले प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसुर अपराध गरेको पुष्टि हुन आएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम हुने सजायमा भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता